OHCHR

unicef

# बाल अधिकारसम्बन्धी महासन्धीको अनुमोदन भएको १७औं वार्षिकोत्सवका अवसरमा ओएचसीएचआर-नेपाल र युनिसेफ-नेपालको संयुक्त प्रेस विज्ञप्ति

***काठमाडौं, मंसीर ३ गते ( १९ नोभेम्बर २००६ ):*** संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय (ओएचसीएचआर-नेपाल) र युनिसेफ-नेपालले सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) लाई शान्ति प्रक्रियाको कार्यान्वयनका क्रममा उनीहरूका मुख्य प्राथमिकताहरूमा बालबालिकाको अधिकार र हितलाई पनि राख्न आग्रह गरेका छन् । ऐतिहासिक सम्झौताको पूर्वसन्ध्यामा यो समय लामो द्वन्द्वमा धेरै मात्रामा दुःख व्यहोरेका बालबालिकाको अधिकार पुर्नवाहाली गर्ने र नेपाली बालबालिकाको भावी पुस्ताले दीर्घकालीन शान्तिको वातावरणमा विकसित हुन पाउने कुराको सुनिश्चित गर्ने एउटा अवसर पनि रहेको छ ।

बाल अधिकारसम्बन्धी महासन्धि (सीआरसी) लाई १७ वर्ष २० नोभेम्बर दिन अनुमोदन गरिएको थियो र त्यसमा १८ वर्षभन्दा कम उमेरको जो कोही पनि बालक भएको र उसको विशेष हेरचाह र संरक्षण पाउने अधिकार रहेको कुरा उल्लेख गरिएको छ ।

ओएचसीएचआर र युनिसेफ नेपालमा बालबालिकाका विशेष आवश्यकताहरू परिपूर्ति गरिएको कुराको सुनिश्चित गर्न सरकार, माओवादी , बाल संरक्षण र युवा संगठनहरूसँग काम गरीरहेका छन् ।

“बाल अधिकारको संरक्षण  र पुनर्स्थापन कार्य एउटा ठूलो चुनौती हो,” नेपालका लागि युनिसेफकी प्रतिनिधि डा० सुओमी साकाइले बताउनुभयो । “द्वन्द्वले देशमा बालबालिकामाथि ठूलो क्षति पुर्‍याएको छ । उनीहरूको बाल्यकाललाई उनीहरूबाट खोसेको छ । उनीहरूको शिक्षा अवरुद्ध भएको छ र उनीहरू परिवारहरुबाट अलगिनु परेको छ । द्वन्द्वको अन्त्य हुन लागेको अहिलेको बेलामा पनि द्वन्द्वमा संलग्न बालबालिका माओवादीको सशस्त्र समूहमै सक्रिय रहेका छन र घर फर्किएका छैनन् । आज पनि बालबालिका युद्धका अवशेषका रुपमा रहेका विष्फोटक पर्दाथहरूबाट मारिने र घाइते हुने क्रम जारी छ । ”

“नेपालमा बलपूर्वक घरबाट निकालिएका, द्वन्द्वबाट विस्थापित भएका बालबालिकाहरू हजारौं छन्,” मानव अधिकारसम्बन्धी उच्चायुक्तको नेपालका लागि प्रतिनिधि लिना सुन्धले थप्नुभयो । “केटाकेटीहरूलाई थुनिएको छ , यातना दिइएको छ साथै उनीहरू मारिएका समेत छन् । हिंसात्मक द्वन्द्वको चपेटामा परेर उनीहरू विक्षिप्त भएका छन् । बालबालिकाको विकासका लागि अति आवश्यक सामाजिक र आर्थिक अधिकारहरू निकै नराम्रोसँग पछाडि पर्दै आएका छन् साथै गरीबीको मारमा परिरहेका लाखौं बालबालिकाको हालत यो लामो द्वन्द्वले झनै प्रभाव पारेको छ ।”

नेपालमा कार्यरत ओएचसीएचआर र युनिसेफ नेपालमा नेकपा माओवादीले अन्तर्राष्ट्रिय मान्यताहरू र उनीहरूको आफ्नै प्रतिवद्धताका विपरित अहिले पनि १८ वर्ष मुनिका बालबालिकालाई स्वेच्छा वा करकापले भर्ना गरिरहेकोमा गम्भीर चिन्ता व्यक्त गर्दछन् ।

आउँदा दिनहरूमा सम्बन्धित पक्षहरूले वृहत शान्ति सम्झौतामा हस्ताक्षर गर्न गईरहेका छन् । ओएचसीएचआर र युनिसेफ ती पक्षहरूलाई निम्न कुरामाथि ध्यान दिन आग्रह गर्दछ :

- सशस्त्र समूहमा १८ वर्ष मुनिका बालबालिका भर्ना गरिएको छैन भन्ने कुराको सुनिश्चित गर्न ।
- त्यस किसिमका बालबालिकालाई नेकपा माओवादी, सरकार र बाल संरक्षण र मानव अधिकारका क्षेत्रमा कार्यरत संस्थाहरूबीच तत्काल र ठोस साझेदारीका माध्यमबाट घरपरिवारमा फिर्ति गर्ने र पुनर्स्थापित गर्ने कार्यमा सहयोग गर्न ।
- सशस्त्र समूहमा अहिले रहेका १८ वर्षभन्दा कम उमेरका बालबालिकाबारे पत्तालगाउन तत्काल कदम चाल्न र उनीहरूलाई परिवार र समुदायमा फर्काउन आवश्यक प्रावधानहरू तयार गर्न ।
- बालबालिका विरुद्धको गम्भीर मानव अधिकार उल्लङ्घनका लागि जिम्मेवार रहेकालाई दण्डित गरिएको सुनिश्चित गर्न ।
- विद्यालयहरूलाई पढाउने र पढ्ने स्थानको रुपमा सम्मान गर्न र कुनै पनि राजनीतिक पार्टीले राजनीतिक गतिविधिका माध्यमबाट शिक्षामा वाधा नपुऱ्याउने कुराको सुनिश्चित गर्न ।
- द्वन्द्वबाट प्रभावित केटीहरूका साथै आपङ्ग र उपेक्षित बालबालिकाको आवश्यकताप्रति विशेष ध्यान दिन ।

“आउँदा महिनाहरूमा द्वन्द्वबाट उद्धार गर्ने तथा पुनर्स्थापनाका लागि कार्यक्रमहरू तत्काल सञ्चालन गरिनु पर्छ । यस किसिमका कार्यक्रमहरूले बाल अधिकारसम्बन्धी महासन्धिमा निर्धारण गरिए अनुसार बालबालिकाको शिक्षा,स्वास्थ्य, पोषण र संरक्षणसम्बन्धी अधिकारहरूलाई प्राथमिकाता दिनु पर्छ ।” डा.साकाइले बताउनुभयो ।

नेपाली बालबालिका हिंसा, धम्की, डर र असुरक्षाको बातावरणबाट मुक्त वातावरणमा बाँच्न पाउनु भन्दा ठूलो शान्तिको उपलब्धीको संकेत नेपालमा अरु केही हुन सक्दैन् ।


थप जानकारीका लागि सम्पर्क :

ओएचसीएचआर-नेपाल : किरेण ड्वायर टेलिफोन ४२८०१६४ (एo ३२१) मोबाइल ९८५१०१४२६३ इमेल *kdwyer@ohchr.org*

युनिसेफ : रुपा जोशी, टेलिफोन ५५२३२०० (एo ११७९) मोबाइल ९८५१०५४१४० इमेल *rjoshi@unicef.org*